



# कोशी राजपत्र

कोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या ५ मिति: २०७९।०९।२८

## कोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी

# कोशी राजपत्र

**खण्ड -०६** **संख्या -०५**

**प्रकाशित मिति -२०७९/०९/२८**

**प्रथम संसोधन मिति -२०८०/०८/२९**


---

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) र नेपाल सरकारको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को परिच्छेद-६ खण्ड २०(१) बमोजिम कोशी गाउँपालिकाले बनाएको शिक्षक दरबन्दी मिलान कार्यविधि,२०७९ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## कोशी गाउँपालिका
## शिक्षक दरबन्दी मिलान कार्यविधि, २०७९

गाउँ सभाबाट स्वीकृत मिति - २०७९/०९/२७ गते

**प्रस्तावना -**

कोशी पालिका क्षेत्रमा रहेका सबै सामुदायिक विद्यालयमा रहेको शिक्षक विद्यार्थी संख्याको गणितीय अनुपात बमोजिम विद्यालयमा शिक्षकको व्यवस्था गर्न वाञ्छनीय भएकोले कोशी गाउँपालिकाको गाउँ सभाले नेपाल सरकारको शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को परिच्छेद-६ खण्ड २०(१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा (११) ज.११ ले दिएको अधिकार बमोजिम यो शिक्षक दरबन्दी मिलान कार्यविधि बनाइएको छ ।

# परिच्छेद -१
## प्रारम्भिक संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

क) यस कार्यविधिको नाम शिक्षक दरबन्दि मिलान कार्यविधि, २०७९ रहेको छ ।

ख) यो कार्यविधि कोशी गाउँपालिका क्षेत्र भरी लागु हुनेछ ।

ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा - विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गाउँपालिका भन्नाले कोशी गाउँपालिका बुझ्नुपर्नेछ ।

ख) अध्यक्ष भन्नाले कोशी गाउँपालिकाको अध्यक्षलाई बुझ्नुपर्नेछ ।

ग) उपाध्यक्ष भन्नाले कोशी गाउँपालिकाको उपाध्यक्षलाई बुझ्नुपर्नेछ ।

घ) कार्यपालिका भन्नाले कोशी गाउँपालिकाको गाउँ कार्यपालिकालाई बुझ्नुपर्नेछ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले कोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्नेगरी जिम्मेवारी पाएको कर्मचारीलाई बुझ्नुपर्नेछ ।

च)गाउँ शिक्षा समिति भन्नाले कोशी गाउँपालिकाको गाउँ शिक्षा समितिलाई बुझ्नुपर्नेछ ।

छ) दरबन्दी मिलान भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरबन्दीमा रहेका सबै खाले सट्टा शिक्षक, अस्थायी बढुवाका शिक्षक, शिक्षक अनुदान कोटा (राहत) मा रहेका शिक्षक, अपाङ्गता भएका शिक्षक, महिला परियोजनामा रहेका शिक्षक र यस्तै अन्य स्केल अनुसार अनुदानको तलब भत्ता पाउने शिक्षकलाई सम्झनुपर्छ ।

ज) ऐन भन्नाले गाउँ शिक्षा ऐन, २०७५( संशोधन सहित)लाई बुझ्नुपर्छ ।

झ) तह भन्नाले विद्यालयको तह बुझ्नुपर्छ ।



ञ) सामुदायिक विद्यालय भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफारहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ।

ट) शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्दछ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँदछ ।

ठ) विद्यालयको समायोजन भन्नाले विद्यालय गाभ्ने वा ठाउँ सार्ने वा नाम परिवर्तन गर्ने वा बन्द गर्ने कार्य वा तह वा कक्षा घटाउने बुझ्नुपर्दछ ।

# परिच्छेद - २
## विवरण अध्यावधिक

१. विवरण अध्यावधिक गर्ने -

क) गाउँपालिकाले विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अध्यावधिक गर्नुपर्नेछ । विवरण अध्यावधिक गर्दा लगत्तै पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी संख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खानेगरी शिक्षक छनौट प्रकृया पुरा गरी आएका हाल कार्यरत स्थायी अस्थायी शिक्षकहरुको विवरण अध्यावधिक गर्नुपर्नेछ । अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलबभत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्नुपर्नेछ । अवधि नतोकेकोमा दरबन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ ।

२. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने -

क) विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्दा ४० जना विद्यार्थी बराबर १ जना शिक्षक मानी अनुपात निकाल्नु पर्नेछ ।

## परिच्छेद -३

## दरबन्दी मिलानका आधारहरु

*१. कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या रहेपनि न्यूनतम १ ओटा दरबन्दी कायम गर्ने ।

२. खण्ड १ बमोजिमको विद्यालयमा ६१ जना विद्यार्थी वा सो भन्दा बढी भएमा र हाल विद्यालयमा ३ ओटा दरबन्दी कायम रहेको भए ३ ओटै दरबन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा १५० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा बढी विद्यार्थी भएमा शिक्षक विद्यार्थी अनुपातका आधारमा नेपाल सरकारको शिक्षा नियमावली अनुसार कायम गर्ने ।

*३. कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्खया भएपनि न्यूनतम १ ओटासम्म दरबन्दि ( स्वीकृत वा राहत कोटा वा पालिका अनुदान शिक्षक) कायम गर्ने ।

४. खण्ड ३ बमोजिमको विद्यालयमा विद्यार्थी सङ्खया १२० देखि १४९ सम्म भई ४ जना शिक्षक कार्यरत रहेको ( स्वीकृत दरबन्दी वा राहत कोटा वा पालिका अनुदान शिक्षक) अवस्थामा ४ ओटा दरबन्दी कायम गर्ने ।

५. खण्ड ३ बमोजिमको विद्यालयमा विद्यार्थी सङ्ख्या १५० जना वा सो भन्दा बढी भई त्यस विद्यालयमा ५ जना सम्म दरबन्दी रहेको भए ५ ओटै दरबन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा २५० जना भन्दा बढी विद्यार्थी नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा नेपाल सरकारको शिक्षा नियमावली अनुसार कायम गर्ने ।

६. कक्षा १-८ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी रहेपनि न्यूनतम ७ जना ( प्रा.वि.३ जना र नि.मा.वि.४ जना) शिक्षक दरबन्दी (स्वीकृत, राहत कोटा वा पालिका अनुदान ) कायम गर्ने ।

* प्रथम संसोधनद्वारा संसोधन गरीएको



**७. खण्ड ६ बमोजिमको विद्यालयमा २४० वा सो भन्दा बढी विद्यार्थी संख्या भई प्रा.वि. र नि.मा.वि. तहमा गरी ९ ओटा सम्म दरबन्दी कायम रहेको भए यथावत रहन दिने, तर ४०० जना भन्दा बढी विद्यार्थी नपुग्दासम्म थप दरबन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा नेपाल सरकारको शिक्षा नियमावली अनुसार गर्ने ।**

८. कक्षा ९-१० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भएपनि न्यूनतम ५ ओटासम्म (दरबन्दी वा राहत वा पालिका अनुदान) शिक्षक दरबन्दी कायम गर्ने । सो भन्दा शिक्षक संख्या थप घट गर्नुपर्दा विद्यार्थी संख्याको आधारमा संघीय शिक्षा नियमावली अनुसार गर्ने ।

९. कक्षा ९-१२ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी सङ्ख्या भएपनि न्यूनतम ८ ओटासम्म दरबन्दी (स्वीकृत वा राहत कोटा वा पालिका अनुदान) कायम गर्ने ।

१०. खण्ड ९ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी (स्वीकृत वा राहत वा पालिका अनुदान) थप गर्नुपर्दा उच्च माध्यमिक शिक्षक दरबन्दी थप्नको लागि तयार भएको निर्देशिका अनुसार जिल्लामा प्राप्त कोटाको आधारमा गर्ने ।

११. कक्षा ६-१० सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम ९ ( निमावि ४ र मावि ५ जना) दरबन्दी (स्वीकृत वा राहत वा पालिका अनुदान ) कायम गर्ने ।

१२. खण्ड ११ बमोजिम भन्दा बढी दरबन्दी थप गर्नु पर्दा ३०० विद्यार्थी नपुग्दा सम्म तहगत रुपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा संघीय शिक्षा नियमावली अनुसार कायम गर्ने ।

१३. कक्षा ६-१२ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम १२ ( निमावि ४, मावि ५ र उमावि ३ ) दरबन्दी ( स्वीकृत वा राहत वा पालिका अनुदान ) कायम गर्ने ।

१४. खण्ड १३ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी थप गर्नु पर्दा ४०० विद्यार्थी नपुग्दा सम्म तहगत रुपमा दरबन्दी नथप्ने । सो भन्दा माथी शिक्षक विद्यार्थी अनुपातका आधारमा संघीय शिक्षा नियमावली अनुसार कायम गर्ने ।

१५. आधारभूत तह कक्षा १-५ का लागि पदस्थापन भएका शिक्षकले सबै विषय अध्यापन गर्नुपर्नेछ ।

१६. आधारभूत तह कक्षा ६-८ का अनिवार्य विषयका न्यूनतम ४ ( चार) दरबन्दीमा देहायको प्राथमिकताका आधारमा क्रमश व्यवस्थापन गर्दै जाने ।

क) नेपाली विषयमा एक दरबन्दी ।

ख) अंग्रेजी विषयमा एक दरबन्दी ।

ग) गणित विषयमा एक दरबन्दी ।

घ) विज्ञान विषयमा एक दरबन्दी ।

ङ) विद्यार्थी संख्या बढी भएको कारण थप दरबन्दी उपलब्ध हुने भएमा सामाजिक तथा अन्य विषयहरु थप गर्दै जाने ।

च) कुनै विद्यालयमा दरबन्दी खाली भएको अवस्थामा दरबन्दी मिलान कार्य नहुँदासम्म विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भएका विद्यालयमा शिक्षक नियुक्ति सम्बन्धी प्रक्रिया रोक्का गर्ने र त्यस्तो दरबन्दीलाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा ल्याई दरबन्दी मिलान गर्दा आवश्यक ठाउँमा वितरण गरिने तर जुन विद्यालयमा शिक्षक पदपुर्ति नभएको कारणले विद्यालय नै बन्द हुने या कुनै विषयको पठनपाठन नै हुन नसकि बाधा उत्पन्न हुने अवस्था भएमा गाउँपालिकाले कानून बमोजिम करार शिक्षक नियुक्तिका लागि प्रकृया अगाडि बढाउन सकिनेछ ।

१७. आधारभूत तहमा सबै विषय शिक्षकले न्यूनतम ५ घण्टी अध्यापन गर्नुपर्नेछ ।



१८. माध्यमिक तह कक्षा ९-१० का अनिवार्य विषयका न्यूनतम ५ दरबन्दीमा देहायको प्राथमिकताका आधारमा क्रमश शिक्षक व्यवस्थापन गर्दै जाने ।

क) नेपाली विषयमा एक दरबन्दी ।

ख) अंग्रेजी विषयमा एक दरबन्दी ।

ग) गणित विषयमा एक दरबन्दी ।

घ) विज्ञान विषयमा एक दरबन्दी ।

ङ) सामाजिक विषयमा एक दरबन्दी ।

च) विद्यार्थी संख्या बढि भएको कारण थप दरबन्दी उपलब्ध हुने भएमा ऐच्छिक विषयलाई प्राथमिकता दिईनेछ ।

छ) माध्यमिक तहमा सबै विषय शिक्षकले न्यूनतम ४ घण्टी अध्यापन गर्नुपर्नेछ ।

## परिच्छेद -४
## शिक्षक व्यवस्थापनका आधार

१. विशेष क्षमता (अपाङ्गता) भएका शिक्षकहरुको अपाङ्गताको प्रकृति अनुसार शिक्षक व्यवस्थापनमा प्राथमिकता दिईनेछ ।

२. गर्भवती, सुत्केरी तथा ५ वर्ष मुनिका बालबालिका भएका महिला शिक्षकलाई व्यवस्थापनमा प्राथमिकता दिईनेछ ।

३. माथिल्लो तहको योग्यता भएको शिक्षकलाई माथिल्लो तहकै विद्यालयमा व्यवस्थापन गर्न प्राथमिकता दिईनेछ ।

४. दरबन्दी मिलान कार्य सम्पन्न नगर्दा सम्म रिक्त पदमा नियुक्ति र बाह्य जिल्लाबाट सरुवा भई आउनका लागि अनुमति रोक्का गर्न सकिनेछ । यदि शिक्षक विद्यार्थी अनुपात बढि भएमा उक्त दरबन्दीलाई विद्यार्थी संख्याको अनुपातका आधारमा गाउँपालिकामा पुल कायम गरी आवश्यक विद्यालयमा काजमा राख्न सकिनेछ ।

५. खण्ड ३ बमोजिम माथिल्लो तहको योग्यता भएका तल्लो तहका शिक्षकलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार माथिल्लो तहको विद्यालयमा सरुवा गर्न सकिनेछ ।

६. खण्ड ५ बमोजिम माथिल्लो योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा लैजाँदा गाउँ कार्यपालिकाको निर्णय अनुसार थप सुविधा उपलब्ध गराउन सकिनेछ ।

७. विद्यालयको आवश्यकता अनुसार प्रधानाध्यापकले माथिल्लो तहमा कार्यरत शिक्षकलाई आधारभूत तह ( निमावि र प्रावि ) तहमा विषय मिल्ने गरी कार्यतालिका निर्माण गरी खटाउन सक्नेछ ।

८. शिक्षक दरबन्दी मिलानका लागि खटाउँदा फिडर प्रावि तथा लिडर माविको अवधारणा अनुसार विद्यालय नक्साङ्कनको आधारलाई समेत ख्याल राखी विद्यालयहरुमा खटाउन सिफारिस गर्ने ।



## परिच्छेद -५
## दरबन्दी मिलान कार्यदलको गठन

१. दरबन्दी मिलान कार्य गर्नका लागि गाउँ शिक्षा समितिले आवश्यक ठानेमा देहाय बमोजिम पदाधिकारी रहने गरी एक कार्यदल गठन गर्न सक्नेछ ।

क) गाउँपालिकाको शिक्षा शाखा प्रमुख ........................... - संयोजक

ख) गाउँ शिक्षा समिति संयोजकबाट मनोनित कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सदस्य ..................................- सदस्य

ग) गाउँ शिक्षा समितिका एक जना सदस्य............................- सदस्य

घ) गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयका वरिष्ठतम् प्रधानाध्यापक ..................- सदस्य

ङ) शिक्षा शाखा प्रमुखले तोकेको शिक्षा शाखाका एक जना कर्मचारी ................ सदस्य-सचिव

२. कार्यदलले आवश्यक ठानेमा पालिकाको तथ्याङ्क हेर्ने कर्मचारी, सूचना प्रविधि अधिकृत वा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. कार्यदलको सचिवालय पालिकाको शिक्षा शाखामा रहनेछ ।

४. कार्यदलको पदाधिकारीहरुको बैठक भत्ता र अन्य सुविधा गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

५. दरबन्दी कार्यदलको काम कर्तव्य र अधिकार

क) शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी सङ्ख्या एकीन गर्ने ।

ख) पालिका क्षेत्रमा सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षकहरुको अनुसूची-१ को फाराम बमोजिम शैक्षिक तथा व्यक्तिक विवरण संकलन गरी वैकल्पिक विषय पढाउने क्षमताको खोजि गर्ने ।

ग) विद्यालयमा अध्यापन गरिरहेका विषय खुल्ने अनुसूची -२ अनुसारको विवरण विद्यालयसँग माग गरिनेछ ।

घ) शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान् गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित सिफारिस गर्ने ५

ङ) गाउँ कार्यपालिका एंव गाउँ शिक्षा समितिले दिएको निर्देशन बमोजिम अन्य कार्य गर्ने ।



## परिच्छेद -६
## विविध

१. कार्यविधिको व्याख्या - यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

२. कार्यविधि संशोधन -यस कार्यविधिको प्रावधानहरुमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

३. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र यस कार्यविधिमा स्पष्ट पारिएका विषय बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्य भएमा त्यस्तो निर्णय गर्न अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

प्रमाणिकरण मिति -२०७९/०९/२७ गते

# अनुसूची -१
## (परिच्छेद-५ को खण्ड ५(ग) सँग सम्बन्धित)

क. कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालय

| क. सं. | विद्यालयको नाम | कूल विद्यार्थी सं. | मौजुदा शिक्षक संख्या | | | दरबन्दी मिलान पछि कायम हुने शिक्षक संख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | पालिका | स्थायी | करार | पालिका | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |



ख. कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालय

| क.सं. | विद्यालयको नाम | कूल विद्यार्थी सं. | मौजुदा शिक्षक संख्या | | | दरबन्दी मिलान पछि कायम हुने शिक्षक संख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | पालिका | स्थायी | करार | पालिका | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

ग. कक्षा ६-८ सञ्चालन भएका सामुदायिक विद्यालय

| क.सं. | विद्यालयको नाम | कूल विद्यार्थी सं. | विषय | मौजुदा शिक्षक संख्या | | | दरबन्दी मिलान पछि कायम हुने शिक्षक संख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | पालिका | स्थायी | करार | पालिका | | |
| १. | | | नेपाली | | | | | | | | |
| | | | अंग्रेजी | | | | | | | | |
| | | | गणितविज्ञान | | | | | | | | |
| | | | सामाजिक | | | | | | | | |
| २. | | | नेपाली | | | | | | | | |
| | | | अंग्रेजी | | | | | | | | |
| | | | गणितविज्ञान | | | | | | | | |
| | | | सामाजिक | | | | | | | | |



घ. कक्षा ९-१० सञ्चालन भएका सामुदायिक विद्यालय

| क.सं. | विद्यालयको नाम | कूल विद्यार्थी सं. | विषय | मौजुदा शिक्षक संख्या | | | दरबन्दी मिलान पछि कायम हुने शिक्षक संख्या | | | थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी सं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | पालिका | स्थायी | करार | पालिका | | |
| १. | | | नेपाली | | | | | | | | |
| | | | अंग्रेजी | | | | | | | | |
| | | | गणित | | | | | | | | |
| | | | विज्ञान | | | | | | | | |
| | | | सामाजिक | | | | | | | | |
| २. | | | नेपाली | | | | | | | | |
| | | | अंग्रेजी | | | | | | | | |
| | | | गणित | | | | | | | | |
| | | | विज्ञान | | | | | | | | |
| | | | सामाजिक | | | | | | | | |

## अनुसूची -२
## (परिच्छेद-५ को खण्ड ५(ग) सँग सम्बन्धित)
## विद्यालयमा अध्यापन गरिरहेको विषय प्रमाणित फाराम

विद्यालयको नाम ठेगाना - ........................................................... स्वीकृत तह - ...... साविकको दरबन्दी विवरण -उ.मा.वि. -......................., मा.वि.- ................., प्रा.वि.-.................

| क्र. सं. | शिक्षकको नाम थर | तह | स्थायी/अस्थायी मिति | अध्ययनको मूल विषय | अध्ययन को ऐच्छिक विषयहरु | नियुक्तिमा उल्लिखित विषय | विद्यालयमा हाल अध्यापन गरेको विषय | अध्यापन गर्न सक्ने विषय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आज्ञाले,**
प्रमुख प्रशासकीय अधिकृत
दिलशेर राई